जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक ३४१ • २०८३ असोज १३ गते मंगलवार • 29 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

# नगर प्रमुख साहद्वारा नगरपालिका कार्यालय तथा सबै वडा कार्यालयमा तालाबन्दी



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १२ असोज

महोत्तरीको भंगहा नगरपालिका ४५ दिनदेखि प्रमुख प्रशासकीय अधिकृतविहीन हुँदा नगरपालिकाको प्रशासनिक तथा सेवा प्रवाह प्रभावित भएको भन्दै नगर प्रमुख सञ्जीव कुमार साहले नगरपालिका कार्यालय तथा सबै वडा कार्यालयमा तालाबन्दी गरेका छन् । प्रमुख प्रशासकीय अधिकृतको तत्काल व्यवस्था गर्न सम्बन्धित निकायलाई दबाब दिने उद्देश्यले नगर प्रमुख साहले सोमबार नगरपालिका कार्यालय तथा वडा कार्यालयमा तालाबन्दी गरेका हुन् ।

तालाबन्दीपछि उनले कार्यालयका चाबी महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलाई हस्तान्तरण गरेका छन् । नगर प्रमुख साहका अनुसार प्रमुख प्रशासकीय अधिकृत नहुँदा नगरपालिकाको नियमित प्रशासनिक तथा वित्तीय कामकाज प्रभावित भएको छ । कर्मचारी तथा पदाधिकारीको तलब भत्ता, सेवा सुविधाको भुक्तानी, विकास निर्माणसँग सम्बन्धित काम तथा नागरिकलाई उपलब्ध गराउनुपर्ने नियमित सेवासमेत प्रभावित हुने अवस्था सिर्जना भएको उनले बताए । नगर प्रमुख साहले मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाएका कर्मचारी लामो समयसम्म कार्यालयमा हाजिर नहुँदा नगरपालिका प्रशासनिक रूपमा नेतृत्वविहीनजस्तै बन्न पुगेको बताए । उनका अनुसार चाडपर्व नजिकिँदै गएको अवस्थामा कर्मचारी तथा पदाधिकारीले पाउनुपर्ने तलब भत्ता समेत समयमै उपलब्ध गराउन नसक्ने अवस्था आउन सक्ने भएकाले समस्या तत्काल समाधान गर्न आवश्यक छ । 'नगरपालिकामा ४५ दिनदेखि प्रमुख प्रशासकीय अधिकृत छैनन् । मन्त्रालयले कर्मचारी खटाइसकेको छ । तर, उहाँ हाजिर हुनुभएको छैन । पटकपटक सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि समस्या समाधान नभएपछि बाध्य भएर तालाबन्दी गर्नुपरेको हो,' नगर प्रमुख साहले भने । उनले जनताको सेवा रोक्ने आफ्नो उद्देश्य नभएको स्पष्ट पार्दै सेवा प्रवाहलाई नियमित बनाउन नै तालाबन्दीमार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गराउन खोजिएको बताए । 'जनतालाई सहज र प्रभावकारी सेवा दिनका लागि प्रमुख प्रशासकीय अधिकृत आवश्यक छ । हामीले कसैलाई दु:ख दिन वा कार्यालय बन्द गराउन खोजेका होइनौँ । तत्काल अधिकृत पठाएर कार्यालयका काम नियमित गराउन दबाब दिएका हौँ,' उनले भने ।

भंगहा नगरपालिकाका अनुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको स्थानीय तह कर्मचारी प्रशासन शाखाले २०८३ भदौ १ गतेको पत्रमार्फत कर्मचारी संकेत नम्बर १७९५४७ भएका खिमराज भुसाललाई भंगाहा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाएको थियो । तर, मन्त्रालयको पत्र आएको लामो समय बितिसक्दा पनि भुसाल नगरपालिकामा हाजिर भएका छैनन् । उनलाई हाजिर गराउन सम्बन्धित मन्त्रालयमा पटकपटक जानकारी गराउँदै आवश्यक पहल तथा ताकेता गरिएको नगरपालिकाले जनाएको छ ।

# महोत्तरीका विभिन्न नगरप्रमुखहरूद्वारा मुख्यमन्त्रीलाई ज्ञापनपत्र

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १२ असोज



औरही नगरपालिकाका नगरप्रमुख प्रदीपकुमार खड्कामाथि कार्यालयमै भएको हातपात तथा दुर्व्यवहार र त्यसपछि उत्पन्न घटनाक्रमप्रति ध्यानाकर्षण गराउँदै महोत्तरीका विभिन्न नगरपालिकाका नगरप्रमुखहरूले मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवसमक्ष ज्ञापनपत्र बुझाएका छन् ।

महोत्तरी जिल्ला स्तरीय नगरप्रमुखहरूको बैठकले सोमबार साँझ मुख्यमन्त्रीसमक्ष ज्ञापनपत्र बुझाउने निर्णय गरेको थियो । सोही निर्णयअनुसार नगरप्रमुखहरूले मुख्यमन्त्री यादवलाई ज्ञापनपत्र बुझाउँदै स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीले निर्भय र सुरक्षित वातावरणमा काम गर्न पाउने व्यवस्था मिलाउन प्रदेश सरकारको ध्यानाकर्षण गराएका हुन् । औरही नगरपालिका कार्यालयमा २०८३ भदौ ३१ गते बिहान करिब ११:३० बजे केही व्यक्तिले नगरप्रमुखको कार्यकक्षमा प्रवेश गरी हातपात गर्नुका साथै कार्यालय परिसरमा तोडफोड लगायतका गतिविधि गरेको नगरपालिकाको विवरणमा उल्लेख छ। घटनापछि जनप्रतिनिधि तथा कर्मचारीमा त्रासको अवस्था सिर्जना भएको र नियमित सेवा प्रवाहमा समेत असर परेको नगरप्रमुख खड्काको भनाइ छ ।

ज्ञापनपत्रमा कार्यालयमै प्रवेश गरी जनप्रतिनिधि तथा कर्मचारीमाथि हातपात र दुर्व्यवहार गर्ने व्यक्तिमाथि प्रचलित कानुनबमोजिम कारबाही गर्न माग गरिएको छ । घटनामा संलग्न व्यक्तिको पहिचान गरी कानुनी कारबाही अघि बढाउन तथा घटनाको निष्पक्ष छानबिन गर्न पनि नगरप्रमुखहरूले प्रदेश सरकारको

बांकी पृष्ठ ४ मा ।




## विज्ञापन बोर्डमा सूचीकृत हुनुभयो त ?

- विज्ञापन कारोबार गर्ने संचारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानुनबमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ,
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं,
- भ्रमपुर्ण, अतिरिक्त तथा उपभोक्ता हित विपरितका विज्ञापन नगरौं/नगराऔं,
- व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, संचारमाध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं ।

विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय....................

# आजको आवश्यकता

जलवायु परिवर्तनबाट कमजोर देशलाई विनाशकारी प्रभावबाट जोगाउन विकसित राष्ट्रहरूको सक्रियतामा हानि तथा क्षति कोष स्थापना हुनु महत्वपूर्ण उपलब्धि रहेको छ । यसले विकासशील देश, नागरिक समाज तथा गैरसरकारी संस्थालाई सामूहिक रूपमा काम गर्ने अवसर दिन सक्ने देखिन्छ । तर यो कोषले अपेक्षित रूपमा सार्थकता पाउन नसकेको विषयमा विभिन्न प्रतिवेदन सार्वजनिक भएको छ । कोप-२८ को उद्घाटनमै हानि तथा क्षति कोषबाट रकम उपलब्ध गराउने प्रतिबद्धता व्यक्त भए पनि कोषमार्फत व्यवहारमा काम कसरी अघि बढ्छन भन्ने विषयमा स्पष्टता नदेखिएको विज्ञहरूको भनाइलाई हामीले गम्भीरतापूर्वक लिनुपर्ने देखिन्छ । चीन, अमेरिका र भारतजस्ता ठूला अर्थतन्त्रको कार्बन उत्सर्जन तथा उनीहरूले लिएका नेट-शून्य लक्ष्यको तुलनामा नेपालले आफ्नो लक्ष्य चाँडो हासिल गर्ने प्रतिबद्धता जनाएका छन । यो लक्ष्य आफैंमा महत्वाकांक्षी रहेका छन । तर जलवायु लक्ष्य निर्धारण गर्दा नेपालको अर्थतन्त्रमा पर्ने प्रभावको मूल्यांकन पनि गर्नुपर्छ । देशलाई पुग्ने हानि-नोक्सानीको बेवास्ता गरेर अरूको लहैलहैमा मात्र नीति बनाउनु उचित हुँदैन भन्ने प्रश्न पनि उठाउनुपर्ने देखिन्छ । नेपालले जलवायु परिवर्तनबाट हुने क्षति त भोगिरहेकै छ । अर्कोतर्फ आफ्नो अर्थतन्त्रलाई बलियो बनाउन स्वच्छ ऊर्जा क्षेत्रलाई अगाडि बढाउनु पनि आवश्यक रहेका छन । त्यसैले जलवायु नीति र आर्थिक विकासबीच सन्तुलन खोज्नु आजको आवश्यकता रहेको देखिन्छ ।

# हुंकार मधेशले अभियानलाई संस्थागत रूपमा अघि बढाउन सहजकर्ता र प्रवक्ता तोके

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ११ असोज




संगठन विस्तारको तयारीमा रहेको हुंकार मधेशले अभियानलाई संस्थागत रूपमा अघि बढाउन सहजकर्ता र प्रवक्ता तोकेको छ । हुंकार मधेशको केन्द्रीय अभियान बैठकले संविधानसभा सदस्य रामकुमार कश्यपलाई सहजकर्ता र केशव कुमारलाई प्रवक्ताको जिम्मेवारी दिएको हो ।

संगठनको औपचारिक केन्द्रीय संरचना निर्माण हुनुअघि अभियानका गतिविधिलाई समन्वय, सहजीकरण तथा सम्पर्कका माध्यमबाट व्यवस्थित रूपमा अघि बढाउने उद्देश्यले दुई जनालाई जिम्मेवारी तोकिएको हुंकार मधेशले जनाएको छ । हुंकार मधेशका अनुसार सहजकर्ताको जिम्मेवारी पाएका कश्यपले अभियानसँग जोडिएका विभिन्न पक्षबीच समन्वय तथा सहजीकरण गर्नेछन् भने प्रवक्ता केशव कुमारले संगठन तथा अभियानका गतिविधिबारे आधिकारिक धारणा सार्वजनिक गर्नेछन् ।

हुंकार मधेशले यसअघि घोषणा गरेको सय दिने मेची-महाकाली हुलाकी यात्रा तथा पुनर्जागरण अभियान सम्पन्न गरेपछि संगठनको केन्द्रीय संरचना निर्माण गर्ने तयारी गरेको छ । अभियान मार्फत विभिन्न क्षेत्रका नागरिक तथा समुदायसँग प्रत्यक्ष सम्पर्क र संवाद गर्दै संगठन विस्तारको आधार तयार गर्ने तयारी रहेको जनाइएको छ ।

अभियानपछि संयोजक सहितको केन्द्रीय संरचना निर्माण गरी संगठनलाई थप व्यवस्थित रूपमा अघि बढाउने योजना रहेको हुंकार मधेशले जनाएको छ । त्यसका लागि प्रारम्भिक चरणमा समन्वय र सञ्चारको जिम्मेवारीसमेत तोकिएको हो ।

# आसमान नेपालको वार्षिक साधारणसभा सम्पन्न

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १२ असोज




आसमान नेपालको २५औं साधारणसभा सोमबार जनकपुरधाममा सम्पन्न भएको छ। रेखादेवी यादवको नेतृत्वमा ९ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मत चयन गर्दै साधारणसभा सम्पन्न भएको हो ।

समितिका उपाध्यक्षमा मनु न्यौपाने, सचिवमा राजकुमार विश्वकर्मा र कोषाध्यक्षमा सुशिलादेवी सिंह रहेका छन् । यस्तै सदस्यहरुमा रामप्रवेश यादव, योगेन्द्र कुमार राम, महादेव यादव, रेखाकुमारी महतो र शोभा सरबरिया रहेका छन् । निर्वाचन समिति संयोजक भुवनेश्वर महतोले सर्वसम्मत चयन भएका नयाँ पदाधिकारी र सदस्यहरुलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराए । साधारणसभाले ९ सदस्यीय सल्लाहकार समिति पनि चयन गरेको छ । यसअघि आइतबारदेखि सुरु भएको २५औं वार्षिक साधारणसभा तथा वार्षिक प्रगति समीक्षा कार्यक्रममा आसमान नेपालका कार्यकारी निर्देशक नवल यादवले संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए। आसमान नेपालले मधेश प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली र सुदूरपश्चिम प्रदेशका १५४ भन्दा बढी पालिकाहरुमा कार्यक्रम संचालन गरेको छ। आसमान नेपालले शिक्षा तथा बाल संरक्षण, स्वास्थ्य तथा पोषण, सुशासन, प्रकृतिक श्रोत व्यवस्थापन र जिविकोपार्जन, प्रकोप व्यवस्थापन र मानवीय सहायता तथा महिला सशक्तिकरण लगायत ६ वटा विषयगत क्षेत्रहरुमा काम गरिरहेको कार्यकारी निर्देशक यादवले बताए। आसमान नेपाल गएको एक वर्षमा १ सय ५४ पालिकाको १५ लाख ४५ हजार ९ सय ९२ जना लक्षित समुदायसँग प्रत्यक्ष रुपमा पुगेको छ । तीन तहको सरकारले संचालन गरेको साक्षरता अभियानमार्फत नौ लाख ५६ हजार तीन सय ६९ जना लाभान्वित भएको कार्यकारी निर्देशक यादवले बताए ।

एक वर्षमा ६० स्थानीय निकायहरुमा स्थानीय शिक्षा योजना, मधेश प्रदेश शिक्षा नीतिमा सहयोग, प्रकोप प्रतिक्रिया योजना, बाल विवाह न्युनिकरण रणनीति, यौन शिक्षा, स्मार्ट कृषि नीतिहरु, विद्यालयहरुमा प्रतिक्रिया र उजुरीका संयन्त्रहरुको विकास, समानता र सामाजिक समावेशीकरण, पशु अधिकारको बारेमा विभिन्न नीतिहरु निर्माणमा संस्थाले प्रत्यक्ष रुपमा सहयोग गरेको हो ।

## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्यूतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

## तपाईको टुडे

मेषः अशुभ समाचार प्राप्त हुने
वृषः विचार गरेर बोल्नुहोला
मिथून: मित्रतामा फाटो आउने
कर्कटः मनमा पछुतो आउने
सिंहः खानपानमा समस्या आउने
कन्याः अनावश्यक चिन्ता
तुलाः आम्दानी हुने
वृश्चिकः पढाईमा ध्यान दिनुपर्ने
धनुः अनावश्यक खर्चको संभावना
मकरः लामो यात्राको योग छ
कूम्भः पिछडेको साथी मिल्ने
मीनः शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इरानसँगको तनाव बढेपछि तेलको मूल्य बढ्यो, विश्व बजारमा दबाब



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १२ असोज

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले प्रस्ताव गरेको सातदिने युद्धविराम अस्वीकार गरेपछि सोमबार अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढेको छ।

तेलको मूल्यमा भएको वृद्धिसँगै विश्वव्यापी मुद्रास्फीति बढ्न सक्ने चिन्ता पनि बढेको छ। यसको असर विभिन्न देशका सेयर बजारमा समेत परेको छ। इरानले गत साता संयुक्त राष्ट्रसंघको महासभामा सातदिने युद्धविरामको प्रस्ताव अघि सारेको थियो। उक्त प्रस्ताव कार्यान्वयन भए होर्मुज जलडमरूमध्य पुनः खुल्ने र विश्वव्यापी ऊर्जा आपूर्तिमा देखिएको समस्या केही सहज हुने अपेक्षा गरिएको थियो। विश्वको महत्वपूर्ण ऊर्जा आपूर्ति मार्गका रूपमा रहेको होर्मुज जलडमरूमध्य अहिले अमेरिका र इरानबीचको तनावको महत्वपूर्ण विषय बनेको छ।

तर, ह्वाइट हाउस बाहिर सञ्चारकर्मीसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले इरानको प्रस्ताव स्वीकार गर्न नसकिने बताउनुभएको छ। यद्यपि, उहाँले अमेरिका र इरानबीच वार्ता पुनः सुरु हुन सक्ने संकेत दिनुभयो। अमेरिकी सञ्चारमाध्यमका अनुसार दुवै देशबीच अप्रत्यक्ष वार्ता सोमबारदेखि नै हुन सक्ने सम्भावना रहेको छ। होर्मुज जलडमरूमध्य पुनः खोल्न इरानले केही सर्तहरू अघि सारेको छ। रोक्का गरिएका इरानी सम्पत्ति फुकुवा गर्नुपर्ने, इरानी तेलमाथिका प्रतिबन्ध हटाउनुपर्ने तथा अमेरिकी नौसैनिक नाकाबन्दी अन्त्य गर्नुपर्ने उसका प्रमुख माग रहेका छन्। युद्धविरामको प्रस्ताव सार्वजनिक भएपछि शुक्रबार दुई प्रतिशतभन्दा बढी घटेको कच्चा तेलको मूल्य सोमबार पुनः बढेको हो। अन्तर्राष्ट्रिय बजारमा उत्तर समुद्री कच्चा तेलको मूल्य १.८ प्रतिशत बढेर प्रतिब्यारेल १०६.१९ अमेरिकी डलर पुगेको छ।

त्यस्तै, अमेरिकी पश्चिमी टेक्सास क्षेत्रको कच्चा तेलको मूल्य १ प्रतिशत बढेर प्रतिब्यारेल ९३.३४ डलर पुगेको छ। तेलको मूल्य बढेसँगै मुद्रास्फीति बढ्ने चिन्ता पनि पुनः बढेको छ। यसको प्रभाव एसियाली सेयर बजारमा देखिएको छ।

# गोविन्दाको कथित अफेयर र पारिवारिक किचलो : सुनिताको पक्षमा उभिइन् कश्मीरा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १२ असोज



गोविन्दा र सुनिता आहुजाको सम्बन्धमा लामो समयदेखि खटपट चलिरहेको खबर आइरहेको छ। अर्कातिर, गोविन्दाका भान्जा कृष्णाा अभिषेककी पत्नी कश्मीरा शाहले लगातार माइजू सुनितालाई आफ्नो समर्थन जनाउँदै आएकी छिन्।

वास्तवमा गोविन्दाको नाम कोमल रानी स्वर्णकारसँग जोडिँदै आएको थियो। गोविन्दाको कोमलसँग कथित रूपमा प्रेम सम्बन्ध चलिरहेको भनिएको छ। यस्तो अवस्थामा दुवै जना लालबागचा राजामा सँगै देखिएपछि यो चर्चा अझ तीव्र बनेको छ। रानी स्वर्णकारले गरेकी थिइन् पोस्टः यसपछि कोमलले आफ्नो एउटा इन्स्टाग्राम स्टोरीमार्फत स्पष्टीकरण दिएकी छन्। कोमलले एक लामो बयान जारी गर्दै सुनितामाथि आरोप लगाइन्, 'उनी वर्षौंदेखि आफ्ना पतिलाई ज्यान मार्ने प्रयास गरिरहेकी थिइन्।'

कोमलले आफूमाथि लागेका 'घर भत्काउने' (होमब्रेकर) को आरोपहरूको पनि जवाफ दिएकी छन्। यसमा जवाफ दिँदै कोमलले भनिन्, 'जुन घर पहिलेदेखि नै भत्किएको छ, त्यसलाई अरू कसैले कसरी भत्काउन सक्छ ?' अब यी आरोपहरूका बिच कश्मीरा शाहले सुनिताको बलियो समर्थन गरेकी छिन् र अभिनेताको वैवाहिक जीवनलाई लिएर भइरहेका टिप्पणीहरूमाथि प्रहार गरेकी छिन्।

# नेपाली कांग्रेसको १५औं महाधिवेशनको प्रक्रिया अघि बढ्द

जलेश्वरटुडे समाचारदाता
सर्लाही, १२ असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशनको प्रक्रिया अघि बढ्दै गर्दा सर्लाहीमा चुनावी सरगर्मी बढेको छ। यसैक्रममा सर्लाही क्षेत्र नं. १ बाट पेशागत विज्ञ समूहका तर्फबाट ध्रुवप्रसाद रिजालले केन्द्रीय महाधिवेशन प्रतिनिधि पदमा उम्मेदवारी दिएका छन्।

नेपाली कांग्रेस मधेश प्रदेश समितिका सदस्य तथा प्रदेश संसदीय बोर्ड सदस्यसमेत रहेका रिजाल लालबन्दी नगरपालिका-५ रञ्जितपुरका स्थायी बासिन्दा हुन्। उद्योग, व्यवस्थापन, सार्वजनिक प्रशासन तथा पार्टी राजनीतिमा लामो समयदेखि सक्रिय रिजालको उम्मेदवारीलाई क्षेत्रीय प्रतिनिधिहरूमाझ चासोका साथ हेरिएको छ। रिजालले नगर विकास कोषको अध्यक्षका रूपमा सहरी विकास तथा पूर्वाधार व्यवस्थापनको क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गरिसकेका छन्। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको सामाजिक सुरक्षा कोषको सञ्चालक समिति सदस्यसमेत भइसकेका उनी राज्यका विभिन्न निकाय तथा औद्योगिक संस्थानको व्यवस्थापनमा अनुभव हासिल गरेका व्यक्ति हुन्। उनले बुटवल धागो कारखाना र हेटौंडा सिमेन्ट उद्योगजस्ता प्रमुख औद्योगिक संस्थानमा महाप्रबन्धक तथा अध्यक्षको जिम्मेवारीसमेत सम्हालिसकेका छन्।


## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।

अनुरोधकर्ता
गणेशमान चारनाथ नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश



## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।

अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश



## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।

अनुरोधकर्ता
गोलबजार नगरपालिका कार्यालय
सिरहा, मधेश प्रदेश



## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।

अनुरोधकर्ता
नरहा नगरपालिका कार्यालय
सिरहा, मधेश प्रदेश

# दुई दशक लामो लडाइँ र बलिया आधारहरूको (विशेष विश्लेषण)

**-ऐतिहासिक तथ्य र कानुनी दस्तावेजले कोरेको मार्गचित्रः किन फिर्ता हुन सक्छ गुमेको ६० हजार वर्ग किलोमिटर भूभाग ? यस्तो छ ‘ग्रेटर नेपाल’का एक्ला सारथि फणीन्द्र नेपालको दुई दशक लामो लडाइँ र बलिया आधारहरू (विशेष विश्लेषण)**

सुगौली सन्धिपूर्व पूर्वमा टिस्टादेखि पश्चिममा काँगडासम्म फैलिएको विशाल नेपालको इतिहास केवल पाठ्यपुस्तकमा सीमित विषय होइन। सन् १८१६ को सुगौली सन्धिमार्फत गुमेको करिब ६० हजार वर्ग किलोमिटर भूभाग नेपालले अन्तर्राष्ट्रिय कानुन र ऐतिहासिक सम्झौताहरूका आधारमा दाबी गर्न सक्छ भन्ने मुद्दालाई दुई दशकभन्दा बढी समयदेखि एक्लै काँधमा बोकेर हिँडिरहेका एक पात्र हुन्– प्राध्यापक फणीन्द्र नेपाल ।

राजनीतिक नेतृत्व र बौद्धिक वृत्तले असान्दर्भिक वा स्वैरकल्पना ठानेर पन्छाउन खोजे पनि ’ग्रेटर नेपाल राष्ट्रवादी मोर्चा’ मार्फत फणीन्द्र नेपालले यो मुद्दालाई राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय मञ्चसम्म पुऱ्याएका छन्। संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को जेनेभा बैठकमा गैरसरकारी प्रतिनिधिको रूपमा पुगेर सुगौली सन्धिमा गुमेको जमिन फिर्ता हुनुपर्ने आवाज उठाउनेदेखि अन्तर्राष्ट्रिय पत्रकारहरूमाझ ग्रेटर नेपालको नक्सा वितरण गर्नेसम्मको आँट उनैले देखाएका हुन् ।

भारतीय प्रधानमन्त्रीको नेपाल भ्रमणका बेला कालोझण्डा देखाएर पटक-पटक हिरासत पुगेका र व्यक्तिगत खर्चमै चीन आउजाउ गरेर चिनियाँ पक्षसम्म नक्सा पुऱ्याएका फणीन्द्रको जीवनशैली भने सामान्य छ– चाबहिलमा भाडाको कोठा, सार्वजनिक यातायातको यात्रा र पाटन क्याम्पसको प्राध्यापन। तर उनको सपना विशाल छः “भविष्यमा नाटकीय ढंगले नेपालले आफ्नो गुमेको भूभाग फिर्ता पाउनेछ।” सुगौली सन्धिमा गुमेको भूभाग फिर्ता हुने प्रमुख ६ कानुनी तथा ऐतिहासिक आधारहरू : अभियन्ता फणीन्द्र नेपाल र अन्तर्राष्ट्रिय कानुनका जानकारहरूले अघि सारेका अकाट्य आधारहरू यस प्रकार छन : १. बेलायतले छाडेको उपनिवेश र नेपालको भूभाग : नेपालसँग युद्ध लडेको इस्ट इन्डिया कम्पनी (बेलायत) ले हो, स्वतन्त्र भारतले होइन। सुगौली सन्धिमार्फत खोसिएको नेपाली जमिन बेलायतले आफ्नो औपनिवेशिक प्रशासनिक इकाइमा गाभेको थियो। सन् १९४७ मा अंग्रेजले भारतीय उपनिवेश त्यागेर हिँड्दा हुँदै नभएको नयाँ देश पाकिस्तान खडा गर्न सक्ने तर नेपालबाट खोसेको जमिन नेपाललाई फिर्ता नगरी जानु औपनिवेशिक अन्याय थियो। उपनिवेश खारेज भएपछि त्यो जमिन स्वतः मूल देश (नेपाल) ले फिर्ता पाउनुपर्ने सामान्य अन्तर्राष्ट्रिय नियम हो । २. सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धिको धारा ८ः नेपालले गुमेको जमिन फिर्ता माग्ने सबैभन्दा अकाट्य कानुनी हतियार यही हो। सन् १९५० जुलाई ३१ मा भएको सन्धिको धारा ८ मा प्रष्ट भनिएको छ– “यस सन्धिले तत्कालीन ब्रिटिस सरकार र नेपाल सरकारबीच भएका पूर्ववर्ती सबै सन्धि, सम्झौता र संलग्नताहरूलाई रद्द गर्दछ ।”

यसको सोझो कानुनी अर्थ हुन्छः १८१६ को सुगौली सन्धि पनि खारेज भयो। जुन सन्धिले नेपालको जमिन खोसेको थियो, त्यही सन्धि खारेज भएपछि त्यो जमिन स्वतः नेपालको हुनुपर्छ। भारतीय इतिहासकार श्रीमन नारायणले समेत लेखेका छन्– “यो सन्धि भारतको पोलिटिकल ब्लन्डर हो। जुन दिन नेपालले आफ्नो जमिन दाबी गर्छ, त्यतिबेला भारतसँग शक्ति प्रयोगबाहेक अर्को विकल्प रहने छैन ।” ३. सन् १९५० अक्टोबर ३० को नेपाल-बेलायत सन्धि : भारतसँग मात्र होइन, बेलायतसँग पनि सन् १९५० मा छुट्टै शान्ति तथा मैत्री सन्धि भएको छ। जसको प्रस्तावनामै विगतमा भएका सबै सन्धिका औचित्य समाप्त भएको उल्लेख छ। नेपाल, भारत र बेलायत तीनै पक्षबाट सुगौली सन्धिको वैधता समाप्त भइसकेको अवस्थामा गुमेको भूभागमाथि नेपालको कानुनी हक पुनः स्थापित हुन्छ। ४. उपनिवेश अन्त्यसम्बन्धी राष्ट्रसंघको संकल्प (UN Resolution १५१४)ः संयुक्त राष्ट्रसंघले सन् १९६० मा ‘संसारभरका सबै किसिमका उपनिवेशहरू खारेज हुनुपर्छ’ भन्दै ऐतिहासिक संकल्प प्रस्ताव पारित गरेको छ। औपनिवेशिक कालमा जबर्जस्ती हडपिएका भूभागहरू सम्बन्धित राष्ट्रलाई फिर्ता हुनुपर्ने राष्ट्रसंघीय मान्यताका आधारमा नेपाल र भारत दुवै राष्ट्रसंघका सदस्य भएकाले यो अन्तर्राष्ट्रिय कानुनको परिपालना गर्नु दुवैको दायित्व हो । ५. हङकङ र गोवाका अन्तर्राष्ट्रिय दृष्टान्त : सन् १८४२ को सन्धिमा चीनले बेलायतलाई हङकङ ‘सदाका निम्ति’ सुम्पेको लेखिए पनि १५० वर्षपछि सन् १९९७ मा बेलायतले हङकङ चीनलाई नै फिर्ता गऱ्यो। उता भारत आफैँले पनि पोर्चुगलको दुई सय वर्ष पुरानो उपनिवेशबाट गोवा फिर्ता लिएको इतिहास छ । यदि चीनले हङकङ र भारतले गोवा फिर्ता लिन सक्छन् भने बेलायती उपनिवेशले खोसेको नेपाली भूभाग नेपालले फिर्ता पाउन नसक्ने कुनै अन्तर्राष्ट्रिय कारण छैन ।

ग्रेटर नेपाल बन्दा नेपाललाई हुने ४ ठूला फाइदा : भूगोल र विश्वमञ्चमा प्रभावः नेपालको क्षेत्रफल १ लाख ४७ हजार १ सय ८१ बाट बढेर २ लाख ४ हजार ९ सय १७ वर्ग किलोमिटर पुग्नेछ । भूगोल र जनसंख्या दुवै हिसाबले नेपाल विश्वका शक्तिशाली मध्यम मुलुकहरूको पंक्तिमा उभिनेछ । समुन्द्रसम्मको सीधा पहुँच र नाकाबन्दीको अन्त्यः नेपालको पूर्वी सिमाना भुटान र बंगलादेशसँग सिधै जोडिन्छ। टिस्टा नदी हुँदै ब्रह्मपुत्र भएर समुन्द्रसम्म नेपालको सिधा जलमार्ग खुल्नेछ, जसले गर्दा भारतमाथिको एकलौटी पारवहन निर्भरता र पटक-पटक हुने नाकाबन्दीको स्थायी अन्त्य हुनेछ ।

चिया र पर्यटनबाट आर्थिक कायापलटः विश्वप्रसिद्ध दार्जीलिङ र सिक्किमको चिया बगान, पर्यटन उद्योग र जलस्रोत नेपालको अर्थतन्त्रमा जोडिँदा देशको आर्थिक वृद्धि तीव्र हुनेछ । आत्मसम्मान र सांस्कृतिक पुनर्मिलनः भारतमा दोस्रो दर्जाको नागरिक बनेर पहिचानको संकट झेलिरहेका नेपाली मूलका दाजुभाइ दिदीबहिनीहरू आफ्नै वास्तविक मूल घरमा फर्किनेछन्। नेपाली भाषा, कला र साहित्यको मूलधार अझ फराकिलो र समृद्ध बन्नेछ । निश्कर्ष : वर्तमान भूराजनीतिक शक्ति सन्तुलन र अन्तर्राष्ट्रिय जटिलताका बीच यो लडाइँ निकै कठिन देखिए पनि, इतिहास र कानुनका पानामा नेपालको दाबी कमजोर छैन। राज्यसत्ता र दलहरू मौन बसेको बेला एक्लो वृहस्पति बनेर फणीन्द्र नेपालले जोगाइराखेको यो आन्दोलनले कम्तीमा प्रत्येक नेपालीको छातीमा राष्ट्रिय स्वाभिमान र आफ्नो गुमेको ऐतिहासिक भूगोलको चेतना भने निरन्तर जीवित राखिरहेको छ ।




*महोत्तरीका विभिन्न नगरप्रमुखहरूद्वारा..................................*

ध्यानाकर्षण गराएका छन् । नगरप्रमुखहरूले घटनामा घाइते भएका कर्मचारी तथा नगरवासीमाथि समेत मुद्दा दर्ता गरिएको विषयमा आपत्ति जनाएका छन् ।

निर्दोष कर्मचारी तथा नगरवासीमाथि दर्ता भएका मुद्दा तत्काल खारेज गर्न माग गर्दै उनीहरूले पीडितमाथि थप पीडा हुने अवस्था सिर्जना नगर्न सम्बन्धित निकायसँग आग्रह गरेका छन् । स्थानीय तहका कर्मचारीले कानुनबमोजिम आफ्नो जिम्मेवारी निर्वाह गर्ने सुरक्षित वातावरण पाउनुपर्नेमा उल्टै कर्मचारीमाथि मुद्दा दर्ता हुने र प्रशासनिक काम प्रभावित हुने अवस्था सिर्जना हुनु गम्भीर विषय भएको नगरप्रमुखहरूको भनाइ छ । जनप्रतिनिधि र कर्मचारीबीच समन्वय तथा सहकार्यबाट मात्रै स्थानीय तहको सेवा प्रभावकारी रूपमा सञ्चालन हुने भएकाले कार्यालयमा हुने यस्ता घटनाले प्रत्यक्ष रूपमा सेवाग्राही प्रभावित हुने उनीहरूले बताएका छन् ।

“पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।“



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
विष्णुपुर गाउँपालिका कार्यालय
सिरहा, मधेश प्रदेश

जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
सिरहा नगरपालिका कार्यालय
सिरहा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday